श्री सूचना प्रविधि शाखा
[illegible] कार्यालय [illegible]
प्रकाशित गर्ने

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

गुल्मी, तमघास

# उच्च मूल्य जाने तरकारी तथा बेर्ना उत्पादनका लागि प्लाष्टिक घर निर्माण गर्न अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना

**सूचना प्रकाशित मिति : २०७७/०५/२५ गते**

कृषि ज्ञान केन्द्र, गुल्मीको आ.व.०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार उच्च मूल्य जाने तरकारी तथ तरकारीको बेर्ना उत्पादनका लागि प्लाष्टिक घर निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेव हुँदा गुल्मी जिल्लाका ईच्छुक कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भि कृषि ज्ञान केन्द्र गुल्मीमा अनुसूची ३ अनुसारको कागजातहरु एवम् अनुसूची ४ अनुसार व्यावसायिव प्रस्ताव सहित आवेदन आव्हान गरिएको छ ।

साथै थप जानकारीको लागि कार्यालयको सम्पर्क नं. ०७९-५२०१२६ मोबाईल नं. ९८५७०६८०८७, ९८४७४९०८२३ मा सम्पर्क गर्नुहोला ।

अनुसूची ३

# आवेदन फाराम

श्रीमान् प्रमुख ज्यू                                                                                   मिति २०७७/  /

कृषि ज्ञान केन्द्र, गुल्मी ।

विषय: प्लाष्टिक घर निर्माण कार्यक्रमको आवेदन संम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस कार्यालयबाट संचालित प्रिसिजन प्रोटेक्टेड प्रविधिबाट उच्च मूल्य जाने तरकारी तथा तरकारी वेर्ना उत्पादनका लागि प्लाष्टिक टनेल घर निर्माणका लागि अनुदान उपलव्ध गराउने कार्यक्रम अन्तरगत (आवेदनको नाम तथा ठेगाना)................................... संचालन गर्ने................................... उत्पादनको व्यावसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका व्यावसायिक कृयाकलापको लागि जम्मा रकम रु .................. अक्षेरुपी................................... को व्यावसायिक योजना तयार गरी आवश्यक अन्य कागजात सहित अनुदान सहयोगको लागि पेश गरेको अनुरोध गर्दछु । व्यावसायिक योजनामा उल्लेख भएको कूल वजेट मध्य तहाँकृषि ज्ञान केन्द्रबाट नियमानुसार उपलव्ध हुने अनुदान रकम रु .................. अक्षेरुपी................................... बाहेकको अन्य रकम आवेदनको नाम ............................ ले नगद तथा जिन्सी एवम् श्रमदान गरी रु .................. अक्षेरुपी................................... बरावरको योगदान गर्न सहमत रहेको अनुरोध छ । साथै तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखि पेश गरेको व्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपी

२. दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी

३. जमिनको लालपूर्जाको प्रतिलिपी

४. सम्बन्धित स्थानीय तहको सिफारिस

५. अनुसूची ४ अनुसारको व्यावसायिक योजना

६.अनुसूची५ बमोजिम प्रतिबद्धता पत्र

निवेदकको नाम

ठेगाना                                                                 छाप

अनुसूची ४

<u>व्यावसायिक योजना</u>

प्रस्तावित आयोजनाको सारांश

| | |
|---|---|
| उप- आयोजनाको नाम | |
| उच्च मूल्य जाने तरकारी बाली: | |
| प्लाष्टिक घरको क्षेत्रफल र प्रकार | बाँसको प्लाष्टिक टनेल |
| आवेदकको नाम : | |
| ठेगाना: | |
| सम्पर्क व्यक्ति र ठेगाना | |
| दर्ता वर्ष : | |
| मु.अ.कर/स्थायी लेखा नम्बर र दर्ता वर्ष | |
| बैक खाताको विवरण | बैंकको नाम:<br>ठेगाना:<br>खाता नं.<br>खाता संचालकको नाम: |
| आवेदकको परिचय तथा अनुभव | अनुभव र योग्यता सम्बन्धित यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| | |

| | |
|---|---|
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानि रु. | |
| आयोजना संचालन स्थल: | न.पा./गा.पा.:<br>वार्ड :<br>स्थान: |
| वर्तमान क्रियाकलापहरु | |
| प्रस्तावित आयोजनाको प्रमुख उद्देश्य | •<br>•<br>•<br>•<br>• |
| गत २ वर्ष देखि कृषि ज्ञान केन्द्र मार्फत पाएको अनुदानको विवरण | •<br>•<br>•<br>•<br>• |

| |
|---|
| प्रस्तावित प्लाष्टिक घरको संख्या, उचाई, लम्बाई, प्लाष्टिकको प्रकार ( UV वा Silpolin ), मल्चिङ्ग प्लाष्टिक, थोपा सिँचाई वा अन्य त्यस योजनामा संलग्न भएका यन्त्र उपकरणहरुको विवरण खुलाउनुहोस् । |

अनुसूची ५

## प्रतिबद्धता पत्र

कृषि ज्ञान केन्द्र, गुल्मीको मिति २०७७/५/    को सूचना अनुसार प्लाष्टिक घर निर्माण (बाँसको) गरी उच्च मूल्य जाने तरकारी तथा तरकारी वेर्ना उत्पादन गर्न ईच्छुक भै सो कार्यक्रममा सहभागिताको लागि व्यावसायिक योजना सहितको निवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रम छनौट भएमा व्यावसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ वर्षसम्म निरन्तरता दिने छु/छौ । व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा ५ वर्ष अगावै सो कार्यहरु वन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता गर्दछु/छौ  अन्यथा ऐन, कानुन बमोजिम सहुला/ बुझाउला । साथै संचालित कृयाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौ ।

ईतिसंबत २०७७/  /   गते रोज........शुभम् ।

नाम:

ठेगाना:

दस्तखत:

मिति २०७७/  /

छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

प्लाष्टिक टनेल (बाँसको)

| क्र.स. | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक घर निर्माण | ➢ क्षेत्रफल कम्तिमा ३०० वर्गमिटर (५ वटा टनेल घर) र प्रति वर्गमिटर रु. ३५० का दरले अनुदान उपलब्ध गराईनेछ । |
| २ | प्लाष्टिक,ईन्सेक्ट नेट र मल्चिङ्ग प्लाष्टिक | ➢ ९० GSM वा सो भन्दा बढीको सिल्पोलिन वा २०० माईक्रोनको UV प्लाष्टिक<br>➢ ईन्सेक्ट नेट अनिवार्य लगाउनुपर्ने<br>➢ मल्चिङ्ग अनिवार्य लगाउनु पर्ने |
| ३ | बाँस | ➢ खामाका लागि प्रयोग हुने बाँस नफोडिएको र बाङ्गो टिङ्गो नभई सोझो हुनु पर्नेछ ।<br>➢ धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएको हुन सक्नेछ । |
| ४ | उचाई तथा चौडाई | ➢ धुरी खामो उचाई ४ मिटर जसमध्ये ६० से.मी.जमिन मुनी गाडिएको हुनु पर्नेछ ।<br>➢ छेउको खामोको उचाई ३ मिटर जसमध्ये ६० से.मी. जमिन मुनि गाडिएको हुनु पर्ने ।<br>➢ चौडाई आवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसार हुनु पर्ने तर ७ देखि १० मिटर भन्दा बढी हुनु नहुने । |